**व्यास गाउँकार्यपालिका बैठक संख्या: १** | **बैठक मिति: २०८१।०५।२४**

प्रस्तावहरु

१ साउन महिनाको प्रगति समिक्षा सम्बन्धमा ।

२. आगामी महिनाको कार्ययोजना स्वीकृत सम्बन्धमा ।

३. आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

४. विविध ।

निर्णयहरु

निर्णय नं १. प्रस्ताव नं १ माथी छलफल गर्दा व्यास गाउँपालिका अन्तरगतका विभिन्न विषयगत शाखाहरुले चालु आ.व. २०८१/०८२ को साउन महिनामा गरेको कार्यको प्रगति समिक्षा गरि स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २. प्रस्ताव नं २ माथी छलफल गर्दा व्यास गाउँपालिका अन्तरगतका सम्पूर्ण विषयगत शाखाहरुको आगामी महिनाको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ३. प्रस्ताव नं ३ माथी छलफल गर्दा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. ६८, मिति २०८१।५।२० गतेको पत्रानुसार जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र सिजाङ (तिब्बत) को सहयोगमा कार्यान्वयन हुने Projects Aid to Nepal कार्यक्रम अन्तर्गत जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएका स्थानीय तहहरुका लागि आयोजना प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था बमोजिम यस व्यास गाउँपालिकाबाट वस्तुगत सहायता तर्फ निर्माणमुखी उपकरण स्काभेटर माग गर्नका लागि माग फाराम भरि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाण्डौमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४. प्रस्ताव नं ४ (क) माथी छलफल गर्दा नेपाल सरकारबाट प्राप्त शिक्षा क्षेत्रको माध्यमिक तह (९-१०) अंग्रेजी, गणित र विज्ञान शिक्षकका लागि संघीय अनुदान रकमबाट तपसिल बमोजिमका विद्यालयहरुलाई तपसिल बमोजिमको संघीय अनुदान शिक्षक वितरण गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

| क्र.स | विद्यालयको नाम | विषय | शिक्षक संख्या |
|---|---|---|---|
| १ | श्री दुर्गा स्थान मा वि ह्याँकु | अंग्रेजी | १ जना |
| २ | श्री ब्रह्मस्थान मा वि दोकट | गणित १ जना र विज्ञान १ जना | २ जना |

निर्णय नं ५. प्रस्ताव नं ४ (ख) माथि छलफल गर्दा सिना-धुलोद-पौलाकोट-हुती वृहत खानेपानी आयोजनाको कार्य रकम अभाव भई रोकिन गएकाले संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको कार्यालय महेन्द्रनगर कञ्चनपुर मार्फत उक्त आयोजना सञ्चालन गर्न आवश्यक बजेटको लागि पहल गरिदिन हुन नेपाल सरकार खानेपानी मन्त्रालय खानेपानी तथा ढल व्यवस्थापन विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ६. प्रस्ताव नं ४ (ग) माथि छलफल गर्दा व्यास गाउँपालिका अन्तरगत रहेका विभिन्न स्थानिय सडक स्तरोन्नती तथा निर्माण गर्नका लागि लागत अनुमान (DPR) तयार गर्ने निर्णय पारित गरियो ।

**ब्याँस गाउँकार्यपालिका बैठक संख्या: २** **बैठक मिति: २०८१।०५।२४**

निर्णय नं ७. प्रस्ताव नं ४ (घ) माथि छलफल गर्दा मनसुनजन्य विपद प्रभावितहरुका लागि राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण मार्फत संचालित पुननिर्माण, पुनस्थापना कार्यक्रम तुसरपानी, भूलचौरा, दुम्लिंग, तिरगम, नाजी, मडगाउँ, किम्पानी लगायतका वस्तिहरुमा उक्त कार्यक्रम संचालनका निम्ति भुगर्व विज्ञको प्रतिवेदन आवश्यक पर्ने देखिएकोले राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई भुगर्व विज्ञ पठाई सहयोग गरिदिन भनि अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं ८ प्रस्ताव नं ४ (ङ) माथि छलफल गर्दा व्याँस गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८१ लाई आवश्यक संशोधन गरि स्विकृत गर्नका लागि अगामी हिउँदे गाउँसभामा पेश गर्ने निर्णय गरियो।

निर्णय नं ९ प्रस्ताव नं ४ (च) माथि छलफल गर्दा विषयगत शाखामा काम गर्ने स्थायी कर्मचारीको अभाव हुन गई सेवा प्रभावमा समस्या भएकोले व्याँस गाउँपालिकाको संगठन संरचनामा न्यायिक समितिमा गाउँपालिकामा करार सेवामा कार्यरत तपशील बमोजिमको कर्मचारीहरुलाई अर्को व्यवस्था नभए सम्म तपशिलको जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो।

तपशिलः

| क्र.स | कर्मचारीको नाम | पद | तोक्रिएको जिम्मेवारी |
|---|---|---|---|
| १ | अकबर सिंह धामी | सहायक कम्प्युटर अपरेटर | उजुरी प्रशासक |
| २ | प्रेम सिंह खाती | सामाजिक परिचालक | अभिलेख प्रशासक |

निर्णय नं १० प्रस्ताव नं ४ (छ) माथि छलफल गर्दा व्याँस गाउँपालिकाको पञ्जीकरण सेवामा कार्यरत फिल्ड सहायक दुई जना फिल्ड सहायक मध्ये धन सिंह धामीलाई सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड २०७६ बमोजिम त. भ. भुक्तानी गर्ने गरि र फिल्ड सहायक विन्दु अवस्थी वडूलाई व्याँस गाउँपालिका करार कार्यविधी बमोजिम गाउँपालिकाको स्रोतबाट त.भ. भुक्तानी गर्ने गरि करार सम्झौताको म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं ११ प्रस्ताव नं ४ (ज) माथि छलफल गर्दा व्याँस गाउँपालिकाको उद्यम विकास शाखामा उद्यम विकास सहजकर्ताको पद रिक्त रहेकोले उत्त पदमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेडपा निर्देशिका २०७७ बमोजिम बजेट शिर्षकको दायरामा रहि करार प्रकृया र कार्यविधी, निर्देशिका बमोजिम सर्शत अनुदानबाट सेवा सुविधा दिने गरि १५ दिने सूचना प्रकाशित गरी खुला प्रतिस्प्रधाबाट करार कर्मचारी भर्ना गर्ने निर्णय गरियो।

तपशिलः

| क्र.स | पद | स्थान | संख्या | छनौट विधि |
|---|---|---|---|---|
| १ | उद्यम विकास सहजकर्ता | व्याँस गाउँपालिका | २ जना | लिखित र अन्तरवार्ता |

निर्णय नं १२ प्रस्ताव नं ४ (झ) माथि छलफल गर्दा व्याँस गाउँपालिकामा निर्माण भएका झोलुङ्गे पुल तथा ट्रसहरुमा मासिक रु ५०० पारिश्रमिक दिने गरि कार्यविधि बमोजिम १/१ जना मर्मत सम्भार तथा सर-सफाईकर्मी नियुक्ती गर्ने निर्णय गरियो।

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: २ बैठक मिति: २०८१।०५।२४

निर्णय नं १३ प्रस्ताव नं ४ (ञ) माथी छलफल गर्दा ब्याँस गाउँपालिकामा विकास निर्माणका विभिन्न योजना तथा कार्यक्रमहरु माग गर्नका लागि ब्याँस गाउँपालिका अध्यक्ष मंगल सिंह धामीलाई प्रदेश राजधानी धनगढी र संघीय राजधानी काठमाण्डौ पठाउने निर्णय गरियो।

निर्णय नं १४ प्रस्ताव नं ४ (ट) माथी छलफल गर्दा ब्याँस गाउँपालिका उपाध्यक्ष विनोद सिंह कुँवर मित्रराष्ट भियतनाममा भएको भियतानाम मेनुफ्याक्चरिङ एक्सपोर्ट २०२४ कार्यक्रममा सहभागी भई फर्किसक्नु भएकोले नियमानुसार पाउने भ्रमण खर्च स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.१५. प्रस्ताव नं. ४ (ठ) माथी छलफल गर्दा तपसिल बमोजिमको ब्रह्माण्डौ मन्दिर निर्माण तथा पर्यटकीय प्रवर्द्धन कार्यक्रम र प्यारापिट पर्खाल निर्माण कार्य गर्नुपर्ने भएकाले उक्त कार्यलाई कोटेशन प्रकृयाबाट अघि बढाउने निर्णय गरियो।

तपसिल

| क्र.सं | योजनाको नाम | विनियोजित बजेट | शिर्षक | कै |
|---|---|---|---|---|
| १ | ब्रह्माण्डौ मन्दिर निर्माण तथा पर्यटकीय प्रवर्द्धन कार्यक्रम | ९,९५,५१५.३४ | श्री रानीस्थान ब्रह्म मन्दिर धार्मिक तथा पर्यटकीय स्थल निर्माण | |
| २ | प्यारापिट पर्खाल निर्माण | ९,८७,६११.२० | | |